२०८२/०६/०२

श्रद्धेय अध्यक्ष क. केपी शर्मा ओली,
नेपाल कम्युनिष्ट पार्टी (एमाले),
केन्द्रीय कार्यालय, च्यासल, ललितपुर ।

विषयः सुझाब सम्बन्धमा ।

कमरेड,

नेपालको वाम-लोकतान्त्रिक तथा राष्ट्रिय स्वाभिमानको आन्दोलनको मूल नेता नेकपा (एमाले) माथि आज विडम्वनापूर्ण चौतर्फी आक्रमण छ । राष्ट्रियता तथा स्वाधिनता विपरितको यस परिस्थिति निर्माणमा जिम्मेवार शक्ति केन्द्रहरु विस्तारै उजागर हुँदैछन् र जनताले बुझ्ने तहमा थप स्पष्ट हुँदै जाने नै छन् । कालान्तरमा नेपाली जनता हाम्रो पार्टी र अभियानको पक्षमा पुनः उभिने कुरामा हामी ढुक्क छौं तर यसका लागि नेकपा (एमाले)का सम्पूर्ण नेता - कार्यकर्ता उच्च मनोबलका साथ निर्दिष्ट जिम्मेवारीभन्दा थप क्रियाशील भएर लाग्नुपर्ने आवश्यकता छ ।

नेपाल राष्ट्र र नेपाली जनताको पक्षमा नेकपा (एमाले)ले गरेका युगान्तकारी तथा असल काम नेपाली जनता र विशेषगरी जेनजी पुस्तालाई सगौरव व्याख्या तथा प्रवाह गर्न सकेनौं भने अर्कोतिर सो पुस्ताले आधुनिक सञ्चार माध्यमको सदुपयोग गरी विकसित मुलुकहरुमा देखिरहेको मोहक अवस्था र नेपालको विद्यमान अवस्थाको तुलनात्मक कमजोर अवस्थाबाट उनीहरुमा सृजित आक्रोशलाई हामीले बेलैमा यथेष्ट पहिचान गरी सम्बोधन गर्न सकेनौं । साथै, त्यस आक्रोशलाई मतियार बनाउँदै राष्ट्रियताको पक्षमा निरन्तर युगान्तकारी र साहसी काम गरिरहेको हाम्रो पार्टी र विशेषतः अध्यक्षमाथि हुनसक्ने विभिन्न शक्तिकेन्द्रहरुको चलखेललाई बेलैमा ध्यान पुर्‍याउन नसक्दा आज देश विध्वंशको सिकार भई राज्यविहीनताको अवस्था तथा विकासका हिसाबले दशकौं पछाडि धकेलिएको छ, नागरिकको ज्यान र धनको अकल्पनीय क्षति भएको छ ।

पार्टीले विगतमा देशको समृद्धि र राष्ट्रिय स्वाभिमानको जगेर्नामा गरेको अद्वितीय योगदानका बाबजुद वर्तमान परिस्थितिमा हाम्रो गौरवशाली पार्टीप्रति जनआक्रोश इतिहासकै सबैभन्दा उच्च विन्दुमा पुगेको देखिन्छ । जनताको यस आक्रोशपूर्ण भावनालाई आत्मसात गरी जनताकै पक्षमा काम गर्ने प्रयत्नकै बीचमा हाम्रो पार्टी तथा पार्टीका नेताहरुले विगतमा गरेका कमी-कमजोरीहरुलाई मसिनो गरी आत्मसमिक्षा गर्नुपर्ने आवश्यकता छ ।

यसैक्रममा नेपाल बौद्धिक परिषद्ले मिति २०८२ असोज १ गते सचिवालय बैठक बसी वर्तमान परिस्थितिमाथि निर्मम ढंगले समिक्षा गरी अब पार्टीले चाल्नुपर्ने भूमिकाका बारेमा निकालिएको निस्कर्षका मुलभूत बुँदाहरु सुझाबका रुपमा पठाएका छौं ।

१. नेकपा (एमाले)का कार्यकर्ता तथा शुभचिन्तकहरुले पार्टीको सिद्धान्त, नीति तथा कार्यक्रम सर्वोत्कृष्ट हुँदा पनि जनताको आक्रोश प्रकट हुनुमा परिवर्तनमा उच्च आकांक्षा राखेका जनता र विशेषगरी जेनजीले हाम्रो लगायत नेपालका राजनीतिक दलहरुको नेतृत्वमा भइरहेको लामो समयको निरन्तरतालाई औंल्याएको देखिन्छ । अझ जेनजीले जन्मेदेखि हालसम्म एउटै नेतृत्वबाट शाषित भईरहेको कुरामा ठूलो आक्रोश व्यक्त गरिरहेका देखिन्छन् । तसर्थ, हाम्रो लामो आन्दोलन, 'समृद्ध नेपाली सुखी नेपाली'को राष्ट्रिय संकल्प र राष्ट्रिय स्वाभिमानको थप सम्बर्द्धन र प्रबर्द्धनका लागि हालसम्म प्रत्यक्ष नेतृत्वदायी जिम्मेवारी प्राप्त नगरिसक्नु भएका क्षमतावान नेतालाई पार्टीको नेतृत्वको रुपमा स्थापित गर्नुपर्दछ । विगतमा विभिन्न नेतृत्वदायी भूमिकामा देश र आन्दोलनलाई योगदान गरिसक्नुभएका आदरणीय नेताहरु अभिभावकीय भूमिकामा बसेर नयाँ नेतृत्वलाई आफ्नो सिकाई र भोगाईका अनुभवबाट प्रेरित र प्रशिक्षित गर्नु उपयुक्त देखिन्छ । पार्टीको नेतृत्व विधिवत हस्तान्तरण गर्न पार्टी महाधिवेशनको आयोजना गर्नुपर्ने र तत्काल सो काम गर्न प्राविधिक रुपमा सम्भव नहुने भएकाले विद्यमान विधानकै अधिनमा गरी कार्यकारी केन्द्रीय कमिटीबाट यथाशीघ्र निर्णय गर्नु उपयुक्त देखिन्छ ।

२. वर्तमान परिस्थितिमा सरकारले घोषणा गरेको फागुन २१ गतेको आम निर्वाचनलाई सफल बनाउन र यस निर्वाचनमा समृद्ध नेपाल र सुदृढ राष्ट्रिय स्वाभिमानको आकांक्षा राखेका मतदातामा यथाशीघ्र पुग्न तयारीका काममा लाग्न समेत अनुरोध गर्दछौं । आगामी निर्वाचनमा उम्मेदवार चयन गर्दा तत् क्षेत्रका सम्पूर्ण पार्टी सदस्यहरुको अपनत्व हुनेगरी उहाँहरुको मन तर मतको आधारमा उम्मेदवार चयन गर्दा जनताबीच उपयुक्त उम्मेदवार चयन हुने मात्र नभई चुनाव प्रचारका दौरानमा पार्टी पंक्ति जनताको घर दैलोमा पार्टीको उम्मेदवारको प्रतिनिधित्व गर्दै जनमत निर्माणमा खटिन प्रेरित हुने देखिन्छ । यस काममा सहजीकरण गर्ने जिम्मेवारी वहन गर्न नेपाल बौद्धिक परिषद् तयार रहेको पनि अनुरोध छ । साथै, पार्टी तर्फका उम्मेदवारलाई कम भड्किलो र किफायती चुनावी प्रचार गर्न उपयुक्त निर्देशनका साथै बाध्यात्मक आचार संहिता बनाउनु पर्दछ । नेपाल बौद्धिक परिषद् यस काममा समेत योगदान गर्न तयार रहेको सविनय अनुरोध छ ।

३. पार्टीको अभिन्न अंग नेपाल बौद्धिक परिषद्को विगतको भूमिकाको बारेमा बैठकमा गम्भीर आत्मसमिक्षा भएको छ । देशमा विकसित जेनजीको उच्च आक्रोश र शत्रु वर्गका विभिन्न शक्ति केन्द्रहरुको षड्यन्त्रलाई बेलैमा अनुमान तथा अध्ययन गरी पार्टीलाई उपयुक्त सुझाब दिन नसक्नु परिषद्को कमजोरीको रुपमा स्वीकारेका छौं । साथै, विभन्न राजनीतिक तथा सामाजिक पक्षहरुका बारेमा वैज्ञानिक विधिबाट जनमत अध्ययन गरी प्राप्त निस्कर्ष सुझाबका रुपमा पार्टीलाई उपलब्ध गराउने दिशामा विगतमा थालेको अभियान उपयुक्त रहेको निस्कर्ष निकाल्दै आगामी

दिनमा यसलाई अझ बृहत्तर रुपमा अभ्यास गरी पार्टीलाई थप सुदृढ गर्ने दिशामा योगदान गर्ने निर्णय गरेको छ ।

देश र जनताको लागि पार्टीले विगतमा निर्वाह गरेको भूमिका र योगदानलाई उच्च मूल्याङ्कन गर्दै वर्तमान समयमा सृजना भएको कठिन परिस्थितिमा कत्ति पनि हतोत्साही नभई अझ उच्च मनोबलका साथ निर्दिष्ट गन्तव्य तर्फको यात्रामा नेपाल बौद्धिक परिषद् लम्किने बचनबद्धता व्यक्त गर्दै नेपाल बौद्धिक परिषद्ले सो अभियानमा सम्पूर्ण क्षमता परिचालन गर्ने पनि प्रतिबद्धता दोहोऱ्याउँदछौं ।

**ई. गजेन्द्रप्रसाद थपलिया**
**अध्यक्ष**